**गेरुवा गाउँपालिका**

# स्थानीय राजपत्र

खण्डः ३ | संख्याः ४ | मिति : २०७६/०३/१०

भाग–२

गेरुवा गाउँपालिकाको सूचना

नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ उपदफा (१) बमोजिम बनेको गेरुवा गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६ को दफा (४) बमोजिम गेरुवा गाउँ कार्यपालिकाले मिति २०७६/०३/१० मा जारी गरेको देहाय बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०७६ सालको नियम नं. ४

**बालबालिकाको हक अधिकार संरक्षण सम्बन्धी व्यवस्था गर्न बनेको कार्यविधि, २०७६**

# बालबालिकाको हक अधिकार संरक्षण सम्बन्धी व्यवस्था गर्न बनेको कार्यविधि, २०७६

## १.पृष्ठभूमिः-

बालबालिकाको जीवन रक्षा, संरक्षण, विकास र सहभागिता अभिवृद्धि गरी बाल अधिकारको सम्मान, पालना, संम्वर्द्धन,परिपूर्ति एवं बालमैत्री स्थानीय तहको निर्माण गर्दै बालबालिकाको सर्वोत्तम हित कायम गर्न, बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, नेपालको संविधान बालबालिका सम्बन्धी विद्यमान कानूनहरु तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले परिकल्पना गरेको नितिगत ब्यवस्थालाई कार्यान्वयन गर्न वाञ्छनिय भएकोले, नेपालको संविधान को भाग १८ धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐनको परिच्छेद १५ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी यो कार्यबिधि बनाई लागु गरिएको छ ।

## २. बालबालिकाको हक अधिकार संरक्षण सम्बन्धी राष्ट्रिय नीतिगत तथा कानूनी व्यवस्थाहरुः

नेपालको संविधानको धारा ३९ ले बालबालिकाको हकलाई मौलिक हकको रुपमा स्थापित गरी संवैधानिक व्यवस्थाको प्रत्याभूति गरेको छ । उक्त धारा ३९ मा

(१) प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामकरण र जन्मदर्ताको हक हुनेछ ।

(२) प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुनेछ ।

(३) प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ ।

(४)कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइनेछैन ।

(५)कुनै पनि बालबालिकालाई विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइनेछैन ।

(६)कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन ।

(७)कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन।

(८)प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ ।

(९)असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हकहुने छ भनि ब्यवस्था गरेको छ ।

बालबालिका सम्वन्धी ऐन,२०७५ मा नाम र पहिचानको अधिकार,उचित स्याहार, हेरचाह, पालनपोषणको अधिकार, पोषण एवं स्वास्थ्यको अधिकार, गोपनियताको अधिकार, प्रारम्भिक बालविकास, शिक्षाको अधिकार, भेदभावविरुद्धको अधिकार, खेलकुद, मनोरञ्जन तथा सांस्कृतिक अधिकार, सुचना तथा सहभागिताको अधिकार, न्यायको अधिकार, बाबुआमासँग भेटघाट र सम्पर्क गर्ने अधिकार, अभिव्यक्तिको स्वतन्त्रता, संस्था खोल्न र शान्तिपूर्वक भेला हुन पाउने अधिकार लागायत बालसंरक्षण, बैकल्पिक हेरचाह, पुनःस्थापना,बाल कल्याण सम्वन्धि संस्थागत ब्यवस्था गर्नुपर्ने उल्लेख गरिएको छ ।

स्थानिय सरकार संञ्चालन ऐन २०७४को दफा १२मा बाल उध्यान निर्माण गर्ने (ग१) शिशु स्याहार तथा बालबिकास केन्द्र निर्माण, (ग २) बाल मैत्रि वडा बनाउने, (ग २९)अभिलेख तयार गर्ने (ग ३०) बाल बिबाह, बाल श्रम, छाउपडी, कम्लरी, बेचबिखन,हिशा, छुवाछुत बिरुद्ध कार्य गर्ने (ग ३२) सडक बालबालिकाको उद्धार तथा पुनःस्थापना (ग ३६) गर्ने कार्य जिम्मेवारी तोकिएको छ ।

बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९ मा बाल अधिकारविरुद्धमा हुने सबै प्रकारका शोषण, दुर्व्यवहार र भेदभावको अन्त्य गर्नु तथा विभेद, दुर्व्यवहार, हिंसा, बञ्चितीकरण, शोषण, अपहेलना लगायत बालबालिकालाई हानी पुर्‍याउने सबै अवस्थाबाट संरक्षण प्रदान हुने अवस्थाको सुनिश्चित गर्ने, बाल बचावट, बाल बिकास, बाल अधिकार संरक्षण तथा बाल सहभागिताका सम्बन्धित विषयमा बाल-मैत्री वातावरणको प्रवर्द्धन गरी अधिकारमूलक सुविधा र सेवाहरुमा बालबालिकाको पहुँच बढाउने उद्देश्य राखिएको छ र उद्देश्य परिपुर्तिका लागी बालबालिकाहरुसंग सम्बन्धित सबै कानूनहरुलाई बाल अधिकार महासन्धी लगायत अन्तर्राष्ट्रिय तथा सार्कस्तरीय घोषणाको मापदण्ड अनुसार सुधार गरिनेछ र बाल अधिकार सुनिश्चित गर्न आवश्यकता अनुसार नयाँ कानुनको निर्माण गरिने समेत उल्लेख गरीएको छ (नीति नं. ८.१७) भनी उल्लेख गरिएको छ ।

यसैगरी बाल श्रम बिरुद्धको गुरुयोजना मा दफा १० को ग मा “गुरुयोजना कार्यान्वयनमा स्थानीय तहको जिम्मेवारी र भूमिका गहन रहने,घर परिवार देखि उध्योग प्रतिष्ठानसम्म बाल श्रम भए नभएको अनुगमन गर्ने, बाल श्रम निवारणमका कार्यक्रम संञ्चालन गर्ने र स्थानीय स्तरमा चेतना अभिबृद्धि गर्ने जिम्मेवारी तथा ग्रामिण क्षेत्रबाट बालश्रमिक आपुर्ति हुने सम्भावना बढी भएकाले आपुर्ति नियन्त्रणको कार्य गाउँपालिकाको हुने र बाल श्रम उपभोग गर्न कार्य शहरमा हुने भएकाले बाल श्रम निषेध र निवारणको मुख्य जिम्मेवारी गाउपालिका र गाउँपालिकाको हुने” भनी उल्लेख गरिएका छ ।

बालमैत्री शासन राष्ट्रिय रणनीतिमा “मुलुकका सम्पुर्ण बालबालिकालाई बाच्नपाउने अधिकार,संरक्षणको अधिकार, विकासको अधिकार र सहभागिताको अधिकार सुनिश्चित हुने गरी समाबेशी र समतामुलक समाजको स्थापनामा स्थानीय शासन पद्धतिलाई सुद्धढ, सक्षम र जवाफदेही तुल्याउने रणनीतिक सोच रहेको उल्लेख गरिएको छ ।

**३. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस यस कार्यबिधिको नाम “ **बालबालिकाको हक अधिकार संरक्षण सम्बन्धी व्यवस्था गर्न बनेको कार्यविधि, २०७६**” रहेको छ ।

(ख) यो निर्देशिका कार्यपालिकाले स्वीकृत गर पश्चात तुरुन्त प्रारम्भ हुनेछ ।

**४. परिभाषा :** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) “संविधान” भन्नाले नेपालको संविधानलाई सम्झनुपर्छ ।

(ख) ‘‘ऐन’’ भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्छ ।

(ग) ‘‘कार्यविधि’’ भन्नाले गेरुवा गाउँपालिका द्वारा जारी गरिएको बालबालिकाको हक अधिकार संरक्षण सम्बन्धी व्यवस्था गर्न बनेको निर्देशिका,२०७६ सम्झनु पर्छ ।

(घ) “ बालबालिका सम्वन्धी ऐन” भन्नाले बालबालिका सम्वन्धी ऐन २०७५ लाई सम्झनु पर्छ ।

(ङ.) “बालबालिका” भन्नाले १८ वर्ष उमेर पूरा गाउँका सबै व्यक्तिहरुलाई सम्झनु पर्छ ।

(च) “बालबालिका डेक्स” भन्नाले गेरुवा गाउँपालिकाले गेरुवा गाउँपालिकाको कार्यालय र वडा कार्यालयमा स्थापना गरिएको बालबालिका सम्बन्धी काम गर्ने डेक्सलाई सम्झनु पर्छ ।

(छ) “सर्म्पक व्यक्ति **(Focal Person)**” भन्नाले गेरुवा गाउँपालिकाको कार्यालय र वडा कार्यालयमा स्थापना गरिएको बालबालिका डेक्समा रही काम गर्न तोकिएको व्यक्तिलाई सम्झनु पर्छ।

(ज) “बाल अधिकार समिति” भन्नाले बालबालिकाको आधारभूत अधिकारहरुको संरक्षण तथा सम्बर्धन गर्नका लागि गठन गरिएका गेरुवा गाउँपालिकाले पालिकास्तरीय,र वडा स्तरमा दफा ८.क.२ बमोजिम गठन गरेका समितिहरुलाई सम्झनु पर्दछ।

(झ,) “बालमैत्री स्थानीय शासन समिति” भन्नाले बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि (२०६८) तथा दफा ८.ग.१ बमोजिम गठन भएका समितिलाई सम्झनु पर्छ।

(ञ) “बाल क्लव” भन्नाले विद्यालय तथा समुदायस्तरमा बालबालिकाहरुको सहभागितामा गठन भएका गेरुवागाउँपालिका तथा सो को वडाकार्यालयमा दर्ता भइ संचालनमा रहेका बाल समूहहरुलाई सम्झनु पर्दछ।

(ट) “संरक्षक भन्नाले अभिवावक बिहिन बालबालिबालाई अभिवावकत्व प्रदान गर्न बालकल्याण अधिकारी द्वारा नियुक्त गरीएको ब्यक्तिलाई सम्झनु पर्दछ।

(ठ) “बालक्लव सञ्जाल” भन्नाले पालिका तथा वडास्तरमा गठन भएका बालक्लवहरुको सञ्जाललाई सम्झनु पर्दछ।

(ड) “गैरसरकारी संस्था” भन्नाले प्रचलित कानून बमोजिम स्थापना भएका र स्थानीय तहसँग समन्वय गरी कार्यसञ्चालन गर्ने गैरनाफामूलक सामाजिक संस्था सम्झनुपर्छ।

(ढ) “स्थानीय तह” भन्नालेगाउँपालिकालाई सम्झनु पर्दछ।

(ण) “बाल कोष” भन्नाले बालअधिकारको संरक्षण र सम्बर्धन गर्नका लागि गेरुवागा.पा. र यसका वडा मा खडा गरिएको बालकल्याण कोषलाई सम्झनु पर्दछ।

(त) “प्रमाणपत्र” भन्नाले गेरुवागाउँपालिका मा दर्ता भएका बालक्लवहरुलाई दिइने सूचिकृत प्रमाणपत्र सम्झनु पर्छ।

(थ) “गाउँपालिका” भन्नाले गेरुवा गाउँपालिकासम्झनुपर्ने छ।

(द) “अध्यक्ष” भन्नाले गेरुवा गाउँपालिका को अध्यक्ष सम्झनु पर्छ।

(ध) “उपाध्यक्ष” भन्नाले गेरुवा गाउँपालिका को उपाध्यक्ष सम्झनु पर्छ।

(न) “वडा” भन्नाले गेरुवा गाउँपालिकाका वडाहरुलाई सम्झनु पर्छ।

(प) “वडाध्यक्ष” भन्नाले गेरुवा गाउँपालिका र यसका वडाअध्यक्षलाई सम्झनु पर्छ।

(फ) “सभा” भन्नाले गेरुवा गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्छ।

(ब) “कार्यपालिका” भन्नाले गेरुवा गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ।

(भ) “बैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिका” भन्नाले अभिभावकत्व गुमाएका वा अभिवावकत्व पाउन नसकी संरक्षणको आवश्यकता भएका बालबालिका सम्झनु पर्दछ।

(म)“अनाथ बालबालिका ” भन्नाले प्रचलित कानून बमोजिमका अनाथ बालबालिका सम्झनु पर्छ।

(य) “आवासीय बालगृह” भन्नाले बैकल्पिक स्याहारका लागी प्रचलित कानून बमोजिम दर्ता भई स्थापना भएको बाल गृह सम्झनु पर्छ।

(र) “कसुरजन्य कार्य” भन्नाले प्रचलित कानून बमोजिम हुने फौजदारी कसूरसम्झनु पर्दछ।

(ल) “परिवार”भन्नाले बालबालिकाका बाबु, आमा, दाजु, भाइ वा अविवाहिता दिदी, बहिनी, हजुरबुबा, हजुरआमा सम्झनु पर्छ र सो शब्दले एकासगोलमा बस्ने नजिकका अन्य नातेदारलाई समेत जनाउँछ ।

**५. उद्देश्य : यस यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ :-**

(क) सबै प्रकारका बालबालिकाको अधिकारको संरक्षण तथा संम्वर्धन गर्न ।
(ख) बालमैत्री स्थानीय शासन र विद्यालय शान्तीक्षेत्र अभियान प्रवर्द्धन गर्न ।
(ग) बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न ।
(घ) बालबालिकामाथि हुने हिंसा, दुर्व्यवहार, हानी र जोखिम न्यूनिकरण गर्न ।
(ङ) बालबालिकाको अभिलेख (घटना व्यवस्थापन, सूचना, तथ्यांक, जन्मदर्ता) व्यवस्थापन गर्ने ।
(च) बालअधिकार संरक्षण र सम्वर्द्धनका लागि सरकारी, गैरसरकारी र अन्य सरोकारवालाहरुबीच समन्वय, सहकार्य र साझेदारी स्थापना गर्न ।
(छ) बाल श्रमको न्यूनिकरण गर्ने ।

**६. बालबालिकाको हक अधिकार संरक्षण गर्न सञ्चालन गरिने क्रियाकलापहरु :**

बालबालिकाको अधिकारलाई स्थापित गर्न बाल संरक्षणकालागी बिद्यमान कानूनलाई कार्यान्वयन गर्न देहाय बमोजिमका कार्यक्रमहरु संञ्चालन गरिने छनः

- गर्भमा नै बालबालिकाको लिंङ्ग पहिचान गर्ने, लिंङ्गको आधारमा विभेद गर्ने र गर्भ पतन गर्ने प्रचलनलाई अन्त गर्नका लागि व्यापक प्रचारात्मक अभियान संचालन ।
- जन्म दर्ता सम्वन्धी सचेतना अभियान संचालन ( टालविकास, लैङ्गिक हिंसा निगरनी समुह, आमा समुह, स्वयम सेविका ,बालक्लव) तथा तथा ३५ दिन भित्र जन्मदर्ता गराउने अभिभावकलाई प्रशंसा तथा सम्मान ।
- जन्मदर्ता कम भएका क्षेत्रको पहिचान /तथ्याङक संकलन अभियान
- बाल विवाह रोकथाम तथा न्यूनिकरणका लागि सचेतनामुलक कार्यक्रम ( टोलविकास, लैङ्गिक हिंसा निगरानी समुह, आमा समुह, स्वयम सेविका ,बालक्लव) का साथै उद्धार तथा संरक्षण, मनोसामाजिक परामर्श, पुनःस्थापना तथा टेवामुलक आय आर्जन कार्यक्रम ।
- बाल विवाह विरुद्धमा प्रचार प्रसार (रेडियो, टिभि, पत्रपत्रिका) ।
- बैबाहिक कार्यक्रम हुने धार्मिक तथा सार्वजनिक स्थलहरुमा बाल विवाह निषेधित अभियान संचालन तथा रोकथामका लागि धामी, झाक्री, पुरोहित, पण्डित, लामा, पादरी आदीलाई चेतनामुलक तालिम संचालन तथा घटनाको पहिचान तथा पैरवी अभियान संचालन ।
- निकृष्ट प्रकारको बाल श्रममा रहेका बालबालिकाको उद्दार र पुनस्थापना कार्यक्रम ( अस्थायी वालगृह संचालन मार्फत पारिवारिक पुर्नएकिकरण) ।
- निकृष्ट प्रकारको बाल श्रममा रहेका बाल बालिको स्थिति विवरण संकलन, अद्यावधिक तथा प्रचार/प्रसार (कानुनी प्रावधान र सजाय) ।
- निकृष्ट प्रकारको बाल श्रममा रहेका बालबालिकाको क्षमता अभिवृद्धि/तालिम बालबालिका विरुद्ध हुने हिंसा, वेचविखन, शोषण, दुर्व्यवहार जस्ता घरेलु हिंसा सम्वन्धी सुचना व्यास्थापन (Software, Online) ।

- बालश्रममुक्त टोल तथा वडा घोषणा ।
- गाउँपालिकाभित्र व्यवसाय दर्ता गर्दा बालश्रम प्रयोग नगर्ने प्रतिबद्धता तथा नविकरण गर्दा बाल श्रम नरहेको भनि सिफारीस प्राप्त भए मात्र नविकरण गर्ने प्रचलन स्थापित गर्ने र गाउँपालिकाले कुनै पनि सम्झौता गर्दा बालश्रम प्रयोग गर्न नपाईने भनि अनिबार्य सर्त उल्लेख गर्नु पर्ने व्यवस्था अवलम्बन गर्ने ।
- किशोरी जीवनोपयोगी सिप/तालिम/आयआर्जन कार्य संञ्चालन ।
- सडक, अपाङ्गता भएका एवं विषेश संरक्षणको आवश्यक रहेका बालबालिकाका पहिचान, उद्धार, सामाजिकिकरण तथा पुनःस्थापनाका लागि आवाधिक तथा आवश्यकता अनुसार दिर्घकालिन गृहको स्थापना, संचालन एवं पारिवारिक सहयोग कार्यक्रम ।
- हिंसा, शोषण, दुर्व्यवहार, वेचविखन न्यूनिकरणका लागि घर, परिवार विद्यालय तथा समुदायमा सचेतनामुलक अभियान संचालन ।
- समुदायमा आधारित बाल संरक्षण प्रणाली स्थापना, क्षमता विकास तथा तथा परिचालन र बालसंरक्षण कार्ययोजना निर्माण र कार्यान्वयन ।
- शिशु स्याहार केन्द्रको स्थापना तथा संचालन ।
- बाल बालिकालाई लागू पदार्थ तथा कुलत बाट संरक्षण सम्बन्धि अभियान, दुर्व्यसनबाट पिडित बालबालिकाको उपचार परामर्श तथा पुनःस्थापना कार्यक्रम ।
- घरपरिवार र समुदायबाट बालबालिकाविरुद्धहुने हिंसा, वेचविखन, शोषण, दुर्व्यवहार जस्ता घरेलु हिंसा कमगर्ने सम्वन्धमा क्षमता अभिवृद्धि/तालिम ।
- हिंसा, वेचविखन, शोषण, दुर्व्यवहार, सडक तथा श्रमिक बालबालिकाको उद्धारका लागि उद्धार समिति गठन, क्षमता विकास कार्यक्रम ।
- हिंसा, वेचविखन, शोषण, दुर्व्यवहार जस्ता घरेलु हिंसा कम गर्नेका लागि सचेतना कार्यक्रम- लैङ्गिक हिंसा निगरानी समूह,सहकारी, टाल सुधार, बाल क्लब, आमा समुह,जनप्रतिनिधि ।
- कुनै पनि हिंसा, वेचविखन, शोषण, दुर्व्यवहारमा परेका तथा श्रम र सडकमा रहेका बालबालिकाको संरक्षणका लागि पुनःस्थापना केन्द्र संचालन ।
- बाल संरक्षण सम्बन्धी समुदायमाआधारित बाल संरक्षण प्रणाली गठन, क्षमता विकास, संचालन तथा व्यवस्थापन ।
- बाल बिज्याईमा परेका बालबालिकाको उद्धार, कानुनी संरक्षण, परामर्श, पुनःस्थापना तथा बालमैत्री न्यायिक संरचना सुदृढिकरण कार्यक्रम ।
- भयरहित शिक्षा तथा विद्यालय शान्ति क्षेत्र अभियान ।
- बाल हेल्पलाइन र बालबालिका खोजतलास केन्द्र संचालन सहयोग ।
- बाल यौन हिंसा शोषण तथा दूर्व्यवहारका साथै साइबर क्राइम तथा आधुनिक प्रविधिको दुरुपयोग सम्बन्धमा सचेतना अभियान, घटना व्यवस्थापन, वहस, पैरवी ।
- अनाथ बालबालिकाहरुका लागि विशेष शिक्षा, तालिम, सामाग्री वितरण, छात्रवृति तथा संरक्षण कार्यक्रम ।
- समुदायमा आधारित संयन्त्रहरु बालक्लब, टोल गाउँ तथा वडा बालअधिकार समिति, बालमैत्री स्थानीय शासन समिति, वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र, स्थानीय

शासन तथा समुदाय विकास कार्यक्रम, आमा समूह आदिलाई क्षमता अभिवृद्धि तालिम, अभिमुखीकरण कार्यक्रमहरु ।

- बालसंरक्षणका लागि बालकोषको स्थापना
- विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण गर्ने ।
- बालबालिकाको क्षेत्रमा कार्यरत संघ संस्था,लगायतका निकायहरुको सुचिकृत गर्ने,सेवा मापन गर्ने तथा आवस्यक समन्वय, सहकार्य गरी बाल अधिकारको संबर्द्धनात्मक र संरक्षणात्मक कार्यहरु गर्ने गराउने ।
- बालमैत्रि योजना तर्जुमा गर्ने कार्यान्वयन गर्ने, तथा त्यसको अनुगमन, मुल्याङ्कन र निरीक्षण गर्ने ।
- सफारिस संयन्त्र बिकास,बाल अधिकार हननका सम्बन्धमा आएका उजुरीहरुलाई सम्बन्धित निकायमा सिफारिश गरी पठाउने एवं समन्वयकारी भूमिका प्रदान गरिदिने ।
- बालबालिकाको निमित्त आकस्मिक सहयोगको तथा दीगो विकासका लागि श्रोत ( आर्थिक, भौतिक तथा मानविय) व्यवस्था मिलाउने ।
- बार्षिक रुपमा बालकालिकाको स्थितीपत्र प्रकासन गर्ने
- घटना ब्यवस्थापन प्रकृयालाई अवलम्वन गरी प्रभावकारी कार्यान्वयन गर्ने ।
- बालबालिका सम्बन्धी नीति तथा कार्यक्रमको तयारी गर्ने विश्लेषण गर्ने
- बालबालिका सम्बन्धी समयानुकूल प्राथमिकता निर्धारण गरी विशेष अभियान घोषणा गर्ने,
- बालक्लव तथा बाल संञ्जाल गठन, दर्ता तथा परिचालन
- बाल अधिकार हननका घटना अनुगमन तथा कार्वाहिकालागी सिफारीस
- अल्पकालीन आश्रय स्थल संञ्चालन, बालगृह अनुगमन नियमन तथा कार्वाही र सिफारीस
- बालबालिकाको हकअधिकारसँग सम्बन्धित तोकिएका अन्य कार्य गर्ने
- बैकल्पिक स्याहरकालागी सिफारिस,आपतकालिन उद्धार तथा संरक्षकत्व प्रदान,

## ७. बाल कल्याण सम्वन्धी संस्थागत कार्य

क. १) स्थानिय बालअधिकार समिति गठनः(१) बालबालिकाको अधिकार तथा हक हितको संरक्षण र सम्वर्द्धन गर्ने सम्बन्धमा आवश्यक नीति निर्माण गरी गाउँपालिकालाई सिफारिस गर्ने काम समेतको लागि एक प्रदेश बाल अधिकार समिति रहने छ ।

(२) बालअधिकार समितिको गठन देहाय बमोजिम हुनेछ :

| | |
|---|---|
| गाउँपालिकाको उपाध्यक्ष : | संयोजक |
| वडा अध्यक्षहरु मध्येबाट २ जना | सदस्य |
| गाउँपालिकाका शिक्षा शाखा प्रमुख | सदस्य |
| गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख | सदस्य |
| गाउँ प्रहरी प्रमुख १ जना : | सदस्य |
| महिला बालबालिका प्रहरी सेवा केन्द्र १ जना | सदस्य |
| गै.स.स. महासँघ प्रतिनिधी १ जना | सदस्य |
| पत्रकार महासँघ प्रतिनिधी १ जना | सदस्य |
| उध्योग बाणिज्य सँघ प्रतिनिधी १ जना | सदस्य |

बालअधिकारको क्षेत्रमा कार्यरत गैह्रसरकारी संस्थाहरुमध्येबाट १ जनाः सदस्य
बालक्लव संजालबाट २ (१ बालक १बालिका) जनाः सदस्य
बालगृह प्रतिनिधि : सदस्य
बाल अधिकारको क्षेत्रमा कार्यरत बालबालिकाको क्षेत्रमा योगदान पुऱ्याएका व्यक्ति वा विशेषज्ञहरु मध्येबाट संयोजकले मनोनयन गरेको एक जना - सदस्य,
बालकल्याण अधिकारी, सदस्य
महिला तथा बालबालिका शाखा प्रमुख वा सो शाखाको जिम्मेवारी वहन गर्ने कर्मचारी सदस्य सचिव

(३) बाल अधिकार समितिले आवश्यकता अनुसार अन्य व्यक्तिहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

(४) समितिको मनोनीत सदस्यहरूको पदावधि चार वर्षको हुनेछ र निजहरूलाई पुनर्नियुक्तिको लागि ग्राह्य हुनेछन् ।

(५) समितिले आफ्नो कार्यलाई थप प्रभावकारी बनाउन आवश्यकता अनुसार उपसमिति समेत गठन गरि कार्य गर्न सक्नेछ ।

(६) समितिलाई आवश्यक पर्ने कर्मचारी गाउँपालिकाले उपलव्ध गराउनेछ ।

**क.२) समितिको बैठकः**

(१) समितिको बैठक कम्तीमा तीन महिनामा एक पटक र अन्य अवस्थामा आवश्यकता अनुसार बस्नेछ ।

(२) अध्यक्षको निर्देशनमा समितिको बैठक सदस्य सचिवले बोलाउनेछ ।

(३) समितिमा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठकको निर्णय समितिको सदस्य सचिवद्वारा प्रमाणित गरिनेछ ।

(५) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**क.३) बाल अधिकार समितिको काम कर्तव्य र अधिकारः**

(१) बालबालिकाको अधिकारको सम्मान, संरक्षण र संवर्द्धन गर्ने उद्देश्यले समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण गर्ने ।

(ख) बालबालिकाको क्षेत्रमा कार्यरत संघ संस्था,लगायतका निकायहरुको सुचिकृत गर्ने,सेवा मापन गर्ने तथा आवस्यक समन्वय, सहकार्य गरी बाल अधिकारको संबर्द्धनात्मक र संरक्षणात्मक कार्यहरु गर्ने गराउने ।

(ग)बालमैत्रि योजना तर्जुमा गर्ने कार्यान्वयन गर्ने, तथा त्यसको अनुगमन, मुल्याङ्कन र निरीक्षण गर्ने ।

(घ) बालअधिकारको संरक्षण र संबर्द्धनका निमित्त बिभिन्न कार्यक्रम गर्ने

(च) बाल अधिकार हननका सम्बन्धमा आएका उजुरीहरुलाई सम्बन्धित निकायमा सिफारिश गरी पठाउने एवं समन्वयकारी भूमिका प्रदान गरिदिने ।

(छ) बालबालिकाको निमित्त आकस्मिक सहयोगको तथा दीगो विकासका लागि श्रोत ( आर्थिक, भौतिक तथा मानविय) व्यवस्था मिलाउने ।

(झ) बार्षिक रुपमा बालकालिकाको स्थितीपत्र प्रकासन गर्ने

ञ)घटना व्यवस्थापन प्रकृयालाई अवलम्वन गरी प्रभावकारी कार्यान्वयन गर्ने ।

ट) बालबालिका सम्बन्धी नीति तथा कार्यक्रमको तयारी गर्ने विश्लेषण गर्ने

ठ) बालकालिकाको तथ्यांक संकलन गर्ने, अद्यावधिक गर्ने प्रकाशन गन ।

(ड) बालबालिका सम्बन्धी समयानुकूल प्राथमिकता निर्धारण गरी विशेष अभियान घोषणा गर्न सिफारीस गर्ने,

(ढ) बालबालिकाको हकअधिकारसँग सम्बन्धित तोकिएका अन्य कार्य गर्ने

(ण) समितिको सेवा सर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

ख.) वडा स्तरमा बालअधिकार संरक्षण र सम्बर्द्धगर्नका लागि प्रत्येक वडामा एक वडा स्तरिय बालअधिकार समिति रहनेछ ।

१) वडामा देहाय वमोजिमको वडा बालअधिकार समिति गठन गरिनेछ ।

(क) वडा अध्यक्षः संयोजक ।

(ख) शिक्षकहरुमध्येबाट १ जनाः सदस्य ।

(ग) स्वास्थ चौकी प्रमुख सदस्य

(घ) महिला स्यंसेबिका वा आमा समूहहरु मध्येबाट १ जनाः सदस्य ।

(ड.) सम्बधित वडामा बालअधिकारको क्षेत्रमा कार्यरत गैह्रसरकारी संस्था समुहहरु मध्येबाट १ जनाः सदस्य ।

(च) स्थानिय प्रहरी प्रमुख सदस्य ।

(छ) वडा बालक्लव संजालबाट कम्तिमा १ बालिका सहित २ जनाः सदस्य ।

(ज) आदीवासी, जनजाती, अल्पसंख्यक, दलित तथा पिछडिएका वर्गसमुदायको यथा सम्भव प्रतिनिधित्व हुनेगरि नागरिक समाजबाट कम्तिमा १ महिला, १ अपाङ्गता भएको ब्यक्ति बाट सहित ४ जनाः सदस्य ।

(झ) वडा सचिव : सदस्य सचिव ।

## ख.२) वडा बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार

(क) विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण गर्ने ।

(ख) बालबालिकाको क्षेत्रमा कार्यरत संघ संस्था,लगायतका निकायहरु संग समन्वय सहकार्य गरी बाल अधिकारको संबर्द्धनात्मक र संरक्षणात्मक कार्यहरु गर्ने गराउने ।

(ग) बालमैत्रि योजना तर्जुमा गर्ने, सो कार्यान्वयन गर्ने, तथा त्यसको अनुगमन, मुल्याङ्कन र निरीक्षण गर्ने ।

(घ) बालअधिकारको संरक्षण र संबर्द्धनका निमित्त बिभिन्न कार्यक्रम गर्ने

(ङ) बाल अधिकार हननका सम्बन्धमा आएका उजुरीहरुलाई सम्बन्धित निकायमा सिफारिश गरी पठाउने एवं समन्वयकारी भूमिका प्रदान गरिदिने ।

(च) बालबालिकाको निमित्त आकस्मिक सहयोगको तथा दीगो विकासका लागि श्रोत ( आर्थिक, भौतिक तथा मानविय) व्यवस्था मिलाउने ।

छ) बालबालिका सम्बन्धी वडा नीति तथा कार्यक्रमको तयारी गने, लागु गर्ने

(ज) बालबालिका सम्बन्धी समयानुकूल प्राथमिकता निर्धारण गरी वडा स्तरिय विशेष अभियान घोषणा गर्ने,

(झ) बालबालिकाको हकअधिकारसँग सम्बन्धित तोकिएका अन्य कार्य गर्ने (

ञ) समितिको सेवा सर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## ख.३) <u>समितिको वैठकसम्बन्धी कार्यविधिः</u>

(क)समितिको वैठक महिनामा कम्तीमा एक पटक वस्नेछ ।

(ख) समितिको वैठकमा बालबालिकाको क्षेत्रमा कार्यरत व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ ।

(ग) समितिको बैठकमा कम्तिमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ ।

घ) बहुमतको निर्णयलाई बैठकको निर्णय मानिनेछ ।

(ङ) वडा बालअधिकार समितिको पदावधि चार वर्षको रहने छ ।

**ग.१) बालमैत्री शासन समिति, बालबालिका डेक्सको स्थापना र संचालन बालमैत्री स्थानीय शासन समिति गठन, काम कर्तव्य र अधिकार** बाल बचाउ,बालसंरक्षण, बालविकास र बाल सहभागिताको विषयमा स्थानीय तहको नीति, संरचना,पद्धति र कार्यप्रकृयामा मुलप्रवाहीकरण गर्नका लागि बालमैत्री स्थानीय शासन रणनीति २०६८ ले दिएको अधिकारका आधारमा एक बालमैत्री स्थानीय शासन समिति गठन हुनेछ । जसमा निम्नानुसारका सदस्यहरु रहनेछन ।

(१) अध्यक्ष, गाउँपालिका -अध्यक्ष

(२) उपाध्यक्ष, गाउँपालिका -उपाध्यक्ष

(३) प्रमुख प्रशासकिय अधिकृत -सदस्य (

४) वडा अध्क्षहरु मध्ये बाट २ जना सदस्य

(५) स्वास्थ्य संस्थाका प्रमुख/प्रतिनिधि (१ जना) -सदस्य

(६) शिक्षा शाखा प्रमुख/प्रतिनिधि (१ जना) -सदस्य

(७) गाउँ प्रहरी प्रमुख/प्रतिनिधि (१ जना) -सदस्य

(८) गैसस प्रतिनिधि (महिला र बालबालिकाको क्षेत्रमा कार्यरत ), पत्रकार महासंघ प्रतिनिधी र उध्योग बाणिज्य संघ प्रतिनिधी बाटगरी ३ जना -सदस्य

(९) स्थानीय विद्यालय वा स्वास्थ्य व्यवस्थापन समिति मध्येबाट गाउँपालिकाले मनोनयन गरेको प्रतिनिधि (२ जना) -सदस्य

(१०) गाउँपालिकामा कार्यरत महिला शिक्षका वा महिला स्वास्थ्य स्वयंसेविका मध्येबाट गाउँपालिकाले मनोनयन गरेको प्रतिनिधि (२ जना) -सदस्य

(११) गाउँपालिकास्तरीय बाल संजालका प्रतिनिधि २ जना (कम्तिमा १ जना बालिका समेत) -सदस्य

(१२) गाउँपालिकाको बालसंरक्षण समितिको प्रतिनिधी (१ जना) – सदस्य

(१३) स्थानिय प्रशासन प्रतिनिधी -सदस्य

(१४) महिला सहकारी, आमा समुह, प्रतिनिधी -सदस्य

(१५) महिला तथा बालबालिका शाखा प्रमुख वा सो शाखाको जिम्मेवारी वहन गर्ने कर्मचारी सदस्य –सचिव

## ग.२) .बालमैत्री स्थानीय शासन समितिको काम कर्तव्य र अधिकार :

बालमैत्री घोषणाका लागी नीतिगत निर्णयहरु गर्ने ।

- बालमैत्री योजना तर्जुमा तथा गर्ने ।
- बालमैत्री शासनका लागि अनुसुची ४ मा उल्लेख भए अनुसारको सुचक पुरा गर्नका लागि नेतृत्व तथा सहजिकरण गर्ने ।
- बालसैत्री गाउँ निर्माणकालागी समन्वय तथा सहकार्य गर्नै ।
- बालमैत्री घोषणाका लागि गरीनेकार्यहरुको समग्र अनुगमन गर्ने ।

घ) बालमैत्री स्थानीय शासन समितिको बैठक वर्षमा कम्तिमा ३ पटक वस्नेछ । बैठकको कार्यवीधि समिति आफैले तय गरे अनुसार हुनेछ ।

**८. बालबालिका डेक्सको स्थापना :**

(१) प्रत्येक वडा कार्यालयमा र गाउँपालिकाकार्यालयमा बालबालिका डेक्स स्थापना गरिने छ । बालबालिका डेक्स संचालन गर्नको लागि कम्तिमा एक जना कर्मचारीलाई सम्पर्क व्यक्ति तोकिने छ । बालबालिका डेक्सको काम, कर्तव्य र संचालन देहाय बमोजिम हुने छ ।

(क) सबै प्रकारका बालबालिकाको तथ्यांक र सूचनाको अध्यावधिक गर्ने ।
"स्पष्टीकरण" सबै प्रकारका बालबालिका भन्नाले अपाङ्गता भएका, श्रमिक, सडक बालबालिका, अनाथ, असहाय, अशक्त, मानसिक असन्तुलन भएका र यौनिक अल्पसंख्यक समेतलाई बुझाउँछ ।

(ख) बालक्लव तथा बालक्लव सञ्जालहरुको दर्ता गर्ने ।

(ग) बालबालिका, र सरोकारवालाहरुबीच सम्बन्ध र समन्वय विस्तार गर्ने ।

(घ) बाल संरक्षण समिति, बालमैत्री स्थानीय शासन समिति, बाल संरक्षक, संरक्षक शिक्षक, प्रधान संरक्षक, बालक्लव, बालक्लव संजालहरुबीच समन्वय सहकार्य गर्ने ।

(ङ) बालअधिकारमा आधारित सहभागितामूलक विधिबाट बालबालिकासँग सम्बन्धित योजना तर्जुमा, कार्यान्वयन र क्रियाकलापहरुमा सहजीकरण गर्ने ।

(च) बालक्लव, बालक्लव संजाल गठन तथा बाल भेलाको सहजीकरण गर्ने । (

छ) तोकेको बालबालिका सम्बन्धी अन्य कार्य गर्ने ।

**९.बालक्लव/बालक्लव सञ्जालको गठन, दर्ता रपरिचालन** बालबालिकाको संगठित हुने अधिकारको प्रत्याभूति दिलाउन बिद्यालय समुदायमा तथा विशेष गरी ३ प्रकारका बालक्व गठन र सो को संञ्जालहरु गठन गरी गाउँपलिकामा दर्ता गरीने छन । "स्पष्टीकरण" बिशेष भन्नाले अपाङ्गता भएका, श्रमिक, सडक बालबालिका, अनाथ, असहाय, अशक्त, बालगृहमा रहेका र यौनिक अल्पसंख्यक आदी समेतलाई बुझाउँछ । बालक्लव र बालक्लव संञ्जालको गठन, परिचालन र दर्ता प्रकृया कार्यबिधि छुट्टै तयार गरी कार्यान्वयन गरिने छ ।

९.१ बालक्लव सञ्जालहरूको गठन बाल क्लबहरू बीच आपसी समन्वय, सहकार्य बढाउने तथा सवालहरूको सामूहिकीकरण गर्ने र एक आपसबाट सिकाईका अवसर सृजना गर्न बाल क्लब सञ्जालको गठन गर्न सकिनेछ । वडामा गठनभएका सबै बालक्लव समेटी पत्येक वडामा एक/एक वडास्तरीय बालक्लवसंञ्जाल गठन गरिने छन । सबै वडाको बालक्लव संञ्जालको प्रतिनिधित्व हुने गरी गाउँपालिकामा एक गाउँ स्तरिय बालक्लव संञ्जाल गठन गरिने छ ।

९.२ बाल क्लव दर्ता बालक्लवको गठन तथा अध्यावधिक प्रत्येक वर्षको विद्यार्थी भर्ना अभियान पछि एक महिना भित्र गरी, संरक्षक र प्रधान संरक्षक शिक्षक तोकि विद्यालयको सिफारिस र सम्वन्धित वडाको सिफारिस समेतको आधारमा गाउँपालिकाको महिला तथा बालबालिका शाखामा दर्ता गरिने छ । पालिकाले रितपूर्वक आएका बालक्लवहरुलाई आवद्धता/सुचिकृतको अनुसुची १ अनुसारको प्रमाणपत्र र बालक्लवको विधान स्थानिय बाल अधिकार समिति संयोजक र बालकल्याण अधिकारीवाट प्रमाणित गराई बालक्लवहरुलाई उपलव्ध गराइने छ ।

**१०. बाल कोषः** जोखिमपूर्ण श्रममा संलग्न रहेका, यौनशोषण, यौन दुर्ब्यवहार, बेचविखन वा ओसार पसारमा परेका, शारीरिक वा मानसिक यातना वा भेदभाव जस्ता दुर्ब्यवहारबाट पिडित, अपाङ्गतामा भएका, दुर्घटनामा परेका वा प्राकृतिक वा दैवी प्रकोपमा परेका, हिंसाबाट प्रभावित

एवं पिडित भएका, हराएका वा वेवारिसे अवस्थामा फेला परेका, ऋणको कारणले बन्धकबनाईएका वा जबरजस्ती श्रममा लगाईएका, बाबु/आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरको कारण सजाय भोग्नु परेका कारण बेवारिसे भएका, बाबुआमा वा आफन्तको संरक्षणबाट बंचित भएका, सुस्त मनस्थीति भएका,अपहरण वा शरिर बन्धकमा परेका, सडक बालबालिका एच.आई.भि.संक्रमित तथा प्रभावित भएका बालबालिकालाई आकस्मिक सहयोग पुऱ्याउन, तत्काल उद्धार, राहत र पुनर्स्थापना गर्ने कामका लागि गाउँपालिकामा एक बाल उद्धार कोषको स्थापना गरिने छ । बाल उद्धार कोषसञ्चालन सम्वन्धी छुट्टै कार्यबिधि तयार गरी लागु गरिने छ । सोही कार्यविधि अनुसार कोषको स्थापना तथा परिचालन गरिने छ ।

**११. <u>बालकल्याण अधिकारी</u>:** बालबालिका सम्वन्धी ऐनको दफा ६०मा भएको ब्यवस्था अनुरुप गाउँपालिकाले बालकल्याण अधिकारी नियुक्त गर्ने छ । बालकल्याण अधिकारी नियुक्त नभए सम्मका लागि महिला तथा बालबालिका शाखा प्रमुख वा सो शाखाको जिम्मेवारी वहन गर्ने कर्मचारीलाई सो को जिम्मेवारी हुने छ ।

**१३. बालकल्याण अधिकारीको कार्य जिम्मेवारी देहाय बमोजिम रहने छ ।**

- ✓ बालकहरुको हक हितको संरक्षण तथा बालकल्याणसम्बन्धी जिल्लास्तरीय योजना तथा कार्यक्रम तर्जुमा गर्न जिल्ला बालकल्याण समितिलाई सहयोग गर्ने ।
- ✓ बाल अधिकार समितिको निर्णय एवम् निर्देशनहरु कार्यान्वियन गर्ने गराउने ।
- ✓ बाल अधिकार समितिको स्वीकृत कार्यक्रमको आन्तरिक मूल्यांकन गराउने र त्यसको प्रगति विवरणहरु समितिको बैठकमा पेश गर्ने ।
- ✓ बाल अधिकार समितिको कार्य सञ्चालनको निमित्त आवश्यक स्रोतको खोजी गर्ने र प्राप्त स्रोतहरुको परिचालन गर्ने ।
- ✓ बाल अधिकार समितिको वित्तिय कारोवारको लेखा ठीकसंग राख्न लगाउने ।
- ✓ बाल अधिकार समितिको निर्णय बमोजिम संरक्षण बिहिन बालबालिकालालाई संरक्षकत्व प्रदान गर्ने, बालगृहका लागी सिफारीस गर्ने,
- ✓ आपतकालिन अवस्थामा रहेका बालबालिकाको उद्धार तथा पुनःस्थापनाका कार्य गर्ने ।
- ✓ बालबालिकाको सर्वोत्तम हित निर्धारण गर्ने ।
- ✓ घटना ब्यवस्थापन प्रकृयालाई अवलम्वन गर्ने गराउने ।
- ✓ बालबालिकाका क्षेत्रमा गाउँपालिकामा कार्यरत संस्थाहरु को सुचिकृत गर्ने ।
- ✓ बालअधिकार समितिले तोकेको अन्य कार्या गर्ने ।

**१४. <u>अनुगमन तथा निरक्षण</u>:** बाल अधिकार समितिले बालअधिकारको प्रचलन गराउन तथा बाल संरक्षणका लागी आफ्नो कार्यक्षेत्र भित्र अनुगनम गर्न समिति आफै वा अनुगमनका लागी टोली खटाई कम्तीमा पनि प्रत्येक ३ महिनामा एक पटक अनिबार्य हुने गरी अनुगन कार्य गर्ने छ । अनुगमन पश्चात प्राप्त तथ्य सहितको प्रतिबेदन बाल अधिकार समितिमा पेश गरी आवश्यक कार्वाहिकालागी सरोकारवाल निकाय समक्ष सिफारिस गरिने छ ।

**१५. बालबालिकाको उद्धार तथा पुनःस्थापना सम्वन्धी कार्य**

क) कुनै पनि बालबालिकाका जोखिमपुर्ण अवस्थामा रहेको भेटिएमा वा सूचना प्राप्त भएमा उक्त बालबालिकाको सर्बोत्तम हितलाई ध्यानमा राखी प्रहरी प्रशासनको सहयोगमा उद्धार तथा

पुनःस्थापनाको कार्य गरिने छ। साथै घटना व्यवस्थापन प्रकृयालाई अवलम्वन गर्दै बालबालिकाको पुनःस्थापना कार्य बालअधिकार समतिले गर्ने छ।

ख) बालकल्याण अधिकारी वा प्रहरी कर्मचारी आफैंले कुनै बेवारीस बालक फेला पारेमा वा अन्य कुनै व्यक्तिले बुझाउन ल्याएमा त्यस्तो बालकको सम्बन्धमा यथासम्भव तीन पुस्ते नाम, थर, ठेगाना, फोटो तथा शरीरमा रहेको कुनै विशेष चिन्हसहितको विवरण र औंठाको छापसमेत आफ्नो कार्यालयमा राखी त्यस्तो बालकलाई संरक्षणका लागी नजिकको बालकल्याण गृहमा जिम्मा लगाउने छ।

ग) बेवारीस बालकको बाबु, आमा, नातेदार वा संरक्षकको पत्ता लगाउने प्रयोजनको निमित्त बालकल्याण अधिकारी, प्रहरी कार्यालय वा सम्बन्धित बालकल्याण गृह प्रमुखले त्यस्तो बालकको हुलिया तथा फोटोसहितको सूचना कुनै पत्रपत्रिकामा प्रकाशित गराउन वा सञ्चारको अन्य माध्यमबाट प्रशारण गराउन सक्नेछन्।

**१६. सजायः** कुनै संस्था, व्यक्ति वा निकायले परिच्छेद २ मा उल्लेखित बाल अधिकार उल्लङ्घन गरेमा, संरक्षक वा परिवारका कुनै सदस्यले आफ्नो दायित्व पुरा गाउँमा संघिय कानुनमा व्यवस्था भए अनुसार सजाय हुनेछ।

**१७. प्रोत्साहन पुरस्कारको व्यवस्थाः** बालसंरक्षण तथा सम्वर्द्धन कार्यमा उल्लेखनीय योगदान दिने व्यक्ति, बालक्ल्व, सञ्जाल तथा संघसंस्था लाई गाउँपालिकाले उचित प्रोत्साहन पुरस्कार प्रदान गर्न सक्नेछ।

**१८. कार्यविधिको व्याख्या गर्ने वा वाधा अड्काउ फुकाउने अधिकार :** कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै दुविधा हुन गएमा सोको व्याख्या वा वाधा अड्काउ फुकाउने अधिकार गेरुवा गाउँपालिकाको कार्यपालिकालाई हुनेछ।

**१९. यसै बमोजिम हुनेः** यस कार्यबिधिमा लेखिएजति कुरामा यसै कार्यबिधि बमोजिम र अरुमा प्रचलित कानुन बमोजिम हुनेछ।

अनुसूची-१
(दफा ९(ग) सँग सम्बन्धित)
बालक्लव दर्ता प्रमाणपत्रको नमुना

गेरुवागाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, बर्दिया
प्रदेश नं. ५ नेपाल

दर्ता नं. मिति

श्री......................................बालक्लव

..................................................

बर्दिया जिल्ला गेरुवागाउँपालिका ....................वडा नं............को .....................................वडा/पालिकामा गठन भएको ....................................बालक्लव संञ्जाललाई यस गेरुवागाउँपालिकामा दर्ता गरी बाबालिकाको हक अधिकार संरक्षण सम्वन्धी कार्यविधि, २०७६ टटको दफा १०.१ ले व्यवस्था गरेअनुसार दर्ता गरी यो दर्ता प्रमाण पत्र प्रदान गरिएको छ ।

बालअधिकार संरक्षण र सम्वर्द्धन कार्यमा नेपालको संविधान, बालअधिकार सम्वन्धि अन्तराष्ट्रिय महासन्धि १९८९ तथा सबै बालबालिका सम्वन्धी कानुनहरुको अधिनमा रही यस पालिकाको बालमैत्री अभियानमा यहाँहरुको सकृय सहभागिताको अपेक्षा गर्दछौ ।

गेरुवागाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बर्दिया
प्रदेश नं. ५ नेपाल

दर्ता नं. मिति

श्री.......................................बालक्लव

..................................................

बर्दिया जिल्ला गेरुवा गाउँपालिका ...................वडा नं............को ....................................विद्यालय/समुदायमा गठन भएको ....................................बालक्लवलाई यस गेरुवागाउँपालिकामा दर्ता गरी बाबालिकाको हक अधिकार संरक्षण सम्वन्धी कार्यविधि, २०७६ को दफा १० ले व्यवस्था गरेअनुसार दर्ता गरी यो दर्ता प्रमाण पत्र प्रदान गरिएको छ।

बालअधिकार संरक्षण र सम्वर्द्धन कार्यमा नेपालको संविधान, बालअधिकार सम्वन्धि अन्तराष्ट्रिय महासन्धि १९८९ तथा सबै बालबालिका सम्वन्धी कानुनहरुको अधिनमा रही यस पालिकाको बालमैत्री अभियानमा यहाँहरुको सकृय सहभागिताको अपेक्षा गर्दछौ।

बाल अधिकार समिति संयोजक बालकल्याण अधिकारी

आज्ञाले,
धर्मराज न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत